बैठक संख्या ६४ मिति २०७७।१२।१२

आज मिति २०७७।१२।१२ गतेका दिन विहान ११.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
| --- | --- |
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादुर आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

## देवघाट गाउँपालिका

**वैठक संख्या ६४** **मितिः २०७७/१२/१२**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी ................
२. राजश्व परामर्श समितिको वैठकका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
३. नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन सम्बन्धमा ।
४. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको पत्रानुसारको साझेदारीको प्रतिबद्धता सम्बन्धमा ।
५. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस भन्दा अघिको कार्यपालिकाको वैठकपछि गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. मिति २०७७/१२/११ गते बसेको राजश्व परामर्श समितिको वैठकका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
३. देवघाट गाउँपालिका अन्तर्गतको ठेक्का नलागेका नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन सम्बन्धमा अध्ययन गरी अर्को वैठकमा पेश गर्ने निर्णय गरियो ।
४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनको अवस्थामा यस कार्यालयमा एम.आई.एस. अपरेटर र फिल्ड सहायक रहने गरी सञ्चालनमा रहेको सेवा इकाईको लागि तलव मध्ये एक चौमासिक बापत हुन आउने रकम बजेट साझेदारीको प्रतिबद्धता सहित कार्यक्रम निरन्तरता दिने निर्णय गरियो ।
५. अन्य पर्यटन गतिविधितर्फ रु. १,१०,०००/- र खेलकुद कार्यक्रम सञ्चालन, खेलकुद प्रोत्साहन अनुदानतर्फ रु. ५०,०००/- व्ययभार हुने गरी तपशिलका युवा क्लव तथा महोत्सवलाई बिल भरपाईका आधारमा देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| क) कछार अर्गानिक खाना महोत्सव | रु. ६०,०००/- |
| ख) छरछरे झरना महोत्सव | रु. ५०,०००/- |
| ग) सिर्जनशिल युवा क्लव, देवघाट १ कालिकाटार | रु. ५०,०००/- |